आज मिति २०७६ साल चैत्र ७ गते शुक्रवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| ब.अ. | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| व.इ. | डा.राजु पौडेल | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको आयोजना छनौट सम्बन्धमा ।
प्रस्ताव नं.२: नगर एवं वडास्तरीय योजना कार्यान्वयन समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.३: योजना अनुगमन प्रतिवेदन सम्बन्धी समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.४: संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.५: कोरोना भाइरस (कोभिड-१९) रोकथाम सम्बन्धी पूर्व तयारी सम्बन्धमा ।
प्रस्ताव नं.६: जनशक्ति सेवा करारमा लिने सम्बन्धमा ।
प्रस्ताव नं.७: विभिन्न कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.८: नगरपालिकामा कार्यरत कर्मचारीलाई अन्यत्र काम गर्न अनुमति दिने सम्बन्धमा ।
प्रस्ताव नं.९: कृषि, पशु तथा सहकारी शाखाको सिफारिस अनुसार अनुदान वितरण सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्षमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने गरी देहायका विद्यालयहरुको भौतिक निर्माण व्यवस्थापनका लागि आयोजना प्रस्ताव तयार गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

| क.सं. | विद्यालयको नाम र कार्यक्रम | ठेगाना | कूल लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | महेन्द्रज्योति मा.वि. | व्यास- ६ | २५,००,०००।०० | |
| २. | शिव मा.वि. | व्यास- १० | २५,००,०००।०० | |
| ३. | जलदेवी मा.वि. | व्यास- १ | २५,००,०००।०० | |
| ४. | क्यामिनकोट मा.वि. | व्यास- ७ | २५,००,०००।०० | |
| ५. | वाराही मा.वि. | व्यास- ११ | २५,००,०००।०० | |
| ६. | शिवपाञ्चायन मा.वि. | व्यास- ३ | २५,००,०००।०० | |
| ७. | माहेन्द्री मा.वि. | व्यास- ९ | २५,००,०००।०० | |

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा चालु वर्षको हालसम्मको अवधिसम्ममा सञ्चालन भएका वडास्तरीय एवं नगरस्तरीय योजनाहरुको प्रगति एवं कार्यान्वयनका क्रममा देखिएका कैफियत र समस्याका सम्बन्धमा वृहत रुपमा छलफल भयो । सो सम्बन्धमा योजनाको गुणस्तर र पारदर्शीताका सम्बन्धमा विशेष महत्वका साथ अनुगमनको व्यवस्था मिलाउने र वडाहरुको योजना कार्यान्वयनमा जनशक्ति व्यवस्थापन प्रभावकारी हुन नसक्दा परिणाममुखी प्रतिफल प्राप्त योजना कार्यान्वयन प्रकृया प्रभावित हुन पुगेको अवस्था देखिएको हुँदा पछिल्लो समयमा गरिएको प्राविधिक जनशक्ति व्यवस्थापन अनुसार प्राविधिकहरुको दैनिक कार्य प्रगतिको अभिलेख राखी योजना कार्यान्वयन प्रकृयालाई थप प्रभावकारी बनाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा योजना अनुगमन समितिका संयोजक एवं उपप्रमुख श्री मिरा जोशीज्यूबाट तयार भई पेश हुन आएको योजना अनुगमन सम्बन्धी प्रतिवेदन उपर वृहत रुपमा छलफल गरियो । सो सम्बन्धमा अनुगमन समितिद्वारा योजना कार्यान्वयन सम्बन्धमा औल्याइएका सवल पक्षहरुको निरन्तरता र दुर्वल पक्षहरुको निराकरणका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापन एवं उपभोक्ता तथा निर्माण व्यवसायीलाई सचेतना सम्बन्धी व्यवस्था मिलाउन कार्यालय एवं वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको ३२ औं नगरसभाबाट पारित संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार यस नगरपालिकाको मौजुदा जनशक्तिहरुको वैज्ञानिक एवं न्यायोचित व्यवस्थापन हुने र संगठनलाई थप व्ययभार पनि नपुग्ने तथा प्रतिवेदनको न्यूनतम मुल्य मुताविक आगामी आर्थिक वर्षको शुरुवातसम्म प्रतिवेदन कार्यान्वयन हुने गरी आवश्यक गृहकार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा विश्वभर नै महामारीका रुपमा फैलिई रहेको कोरोना भाइरस (कोभिड-१९) नेपालमा पनि फैलिन सक्ने सम्भावित खतरालाई मध्यनजर गरी त्यसको रोकथामको लागि प्रत्येक टोलस्तरमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्न तथा आ-आफ्नो प्रभाव क्षेत्रका बासिन्दाहरुलाई सतर्कता अपनाउन यस नगरपालिकाको सम्पूर्ण स्वास्थ्य इकाईहरुलाई परिचालन गर्ने गरी आवश्यक व्यवस्था मिलाउन हाललाई विपद व्यवस्थापन अन्तर्गत रू.५,००,०००। (पाँच लाख) विनियोजन गरी तत्कालिन कामका लागि स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको सिमाभित्र रही यस नगरपालिकाको दैनिक सरसफाई, योजना कार्यक्रम एवं शैक्षिक तथा प्रशासनिक र स्वास्थ्य संस्थाहरु अनुगमन गर्ने कार्य तथा स्वास्थ्य सेवा र भेटेरीनरी सेवालाई चुस्त दुरूस्त राख्ने उद्देश्यका साथ देहायका व्यक्तिहरुलाई तपसिल बमोजिम सेवा शर्त र सुविधा उपलव्ध गराउने गरी सेवा करार सम्बन्धी सम्झौता गरी करार सम्झौता भएको मिति देखि २०७७ आषाढ मसान्तसम्मको लागि कामकाजमा लगाउने निर्णय गरियो ।

| सि.नं. | नाम, थर | ठेगाना | पद | मासिक पारीश्रमिक | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रतिमा गुरुङ्ग | गुञ्जनगर ६, चितवन हाल व्यस ९, तनहुँ | ल्याव टेक्निसियन | १८,०००। | अन्य सुविधाहरु नगरपालिकको निर्णय अनुसार हुनेछ । |
| २. | सन्तोष न्यौपाने | व्यास ९, तनहुँ | ना.प्रा.स. (भेटेरीनरी) | १५,०००। | |
| ३. | विकास श्रेष्ठ | व्यास १, तनहुँ | हलुका सवारी चालक | १८,०००। | |
| ४. | बमबहादुर घर्ती | व्यास ६, तनहुँ | सवारी चालक | १८,०००। | |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | अनसन चौतारी लाइनमा नाली सरसफाई | व्यास- ३ | २५,०००।०० | |
| २. | भतेरीमा नाला/स्ल्याव निर्माण | व्यास- ३ | १,२५,०००।०० | |
| ३. | अक्षर यात्रा साहित्यिक कार्यक्रम | | ६५,०००।०० | |
| ४. | तनहुँ वहिरा संघ तालिम सञ्चालन | | ३५,०००।०० | |
| ५. | घाँसीकुवा आमा समूह भवन मर्मत योजना | व्यास- ७ | ३०,०००।०० | |
| ६. | कृष्ण विलास अधिकारी, कृषि इनार निर्माण | व्यास- १० | २५,०००।०० | |
| ७. | सामी परियोजना भवन निर्माण | व्यास- ३ | १,२५,०००।०० | |

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा काम गर्ने पूर्णकालिन (स्थायी, करार) कर्मचारीहरुले कार्यालय समय भन्दा अतिरिक्त समयमा अन्य संघ/संस्थामा काम गर्ने अनुमति माग गरेको अवस्थामा कार्यालयलाई कुनै पनि हिसाबले असर नपर्ने गरी अनुमति प्रदान गर्न आवश्यक देखेमा प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट पशु शाखा मार्फत वितरण हुने गरी विनियोजित रकम रू.३१,८५,०००।- मध्ये सम्बन्धित किसानहरुलाई वितरण गर्न कृषि, पशु तथा सहकारी समितिबाट पेश हुन आएको निम्न विवरणको रू.३१,२५,०००।- वितरण गर्ने गरी छनौट गरिएको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

**(क) युवा लक्षित गाई भैंसी प्रवर्द्धन कार्यक्रम : कुल विनियोजित रकम रू.१०,५०,०००।-**

(१) रू.७५,०००।- पाउने ६ फर्म = ४,५०,०००।-

(२) रू.५०,०००।- पाउने १२ फर्म = ६,००,०००।-

जम्मा रू. = १०,५०,०००।-

**(ख) युवा लक्षित बाखा प्रवर्द्धन कार्यक्रम : कुल विनियोजित रकम रू.४,००,०००।-**

(१) ३०,०००।- पाउने १३ फर्म = ३,९०,०००।-

**(ग) जेट स्प्रे मेशिन खरिद ८०% अनुदान कार्यक्रम : कुल विनियोजित रकम रू.१,००,०००।-**

(१) रू.२५,०००।- का दरले २ जना = ५०,०००।-

**(घ) च्याप कटर वितरण कार्यक्रम : कुल विनियोजित रकम रू. १,५०,०००।-**

(१) रू.३०,०००।- का दरले ५ फर्म = १,५०,०००।-

**(ङ) उन्नत जातको राँगो अनुदान कार्यक्रम : कुल विनियोजित रकम रू. १,२०,०००।-**

(१) रू.६०,०००।- २ वटा सहकारी संस्था = १,२०,०००।-

**(च) उन्नत जातको बोका अनुदान कार्यक्रम : कुल विनियोजित रकम रू. २,१०,०००।-**

(१) रू.३५,०००।- का दरले ६ कृषि फर्म तथा समूह = १,१०,०००।-

**(छ) काउ म्याट ४० के.जी. अनुदान कार्यक्रम : कुल विनियोजित रकम रू. ६,५५,०००।-**

(१) विद्यालय तथा गाइ फर्म समेत जम्मा १२ लाई आवश्यकताका आधारमा विनियोजितभित्र रहने गरी ।

**(ज) नयाँ पोखरी निर्माण कार्यक्रम : कुल विनियोजित रकम रू. ३,००,०००।-**

(१) प्रति रोपनी १५,०००।- का दरले २० रोपनीसम्म ७ कृषि फर्म तथा कृषि समूहलाई ।

**(झ) माछा भुरा वितरण कार्यक्रम : कुल विनियोजित रकम रू. २,००,०००।-**

(१) भुरा हाल्ने पोखरीको क्षेत्रफलका आधारमा १३ फर्म तथा समूहलाई विनियोजित बजेटको सिमा भित्र रही ।